नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

डिल्लीबजार, काठमाडौं

## घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७। ।

यस कार्यालयले कार्यालय भवनको लागि काठमाडौं जिल्लाको डिल्लीबजार, मैतिदेवी, अनामनगर, भिमसेनगोला र यसका आसपासको क्षेत्रमा तपसिल बमोजिमको घर कम्पाउन्ड सहित कम्तिमा १० कोठा भएको घर भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१० को टिकट टांसी घरधनीको नेपाली नागरिकताको फोटोकपी, घर जग्गाको लालपुर्जाको फोटोकपी, भवन निर्माण सम्पन्नको फोटोकपी समेत संलग्न गरी मासिक भाडा दर प्रस्ताव गरी सिलबन्दी निवेदन यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदन दर्ता गर्ने स्थानः **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, डिल्लीबजार काठमाडौं।**

<u>तपसिल</u>

१. जग्गाको क्षेत्रफलः कम्पाउण्ड वाल सहितको घर हुनु पर्नेछ। उक्त घर तथा कम्पाउण्ड वाल भित्र कम्तीमा ३ वटा चारपाङग्रे सवारी साधन (कार,भ्यान,जिप) र १० वटा मोटर साईकल पार्किङ गर्न मिल्ने हुनु पर्नेछ।

२. निवेदन पेश गर्दा भाडामा दिन चाहेको घरको एकमुष्ट वा प्रति वर्गफिट दररेट (घर बहाल कर सहित) मासिक भाडा कति लिने हो उल्लेख हुनु पर्ने छ।

३. प्रस्तावित घर कम्तीमा १० कोठा भएको हुनु पर्ने छ। उक्त कोठाहरु मध्ये १ वटा कोठाको लम्बाई कम्तीमा २० फिट र चौडाई कम्तीमा १० फिट र अर्को १ कोठाको लम्बाई कम्तीमा १५ फिट र चौडाई कम्तीमा १३ फिटको हुनुपर्नेछ भने बांकी अन्य कोठाहरुको लम्वाई कम्तीमा १२ फिट र चौडाई कम्तीमा १० फिटको हुनु पर्नेछ।

४. प्रस्तावित घरमा पर्याप्त मात्रामा ट्वाईलेट बाथरुमको व्यवस्था भएको र घरसम्म जान आउन मोटर बाटो सहित बत्ति,पानी, ढल आदिको व्यवस्था भएको हुनु पर्नेछ।

५. सम्झौतामा उल्लेख भएको मितिबाट बढीमा २ वर्षको सम्झौता अवधि हुनेछ। सम्झौता बमोजिम दुवै पक्षको सहमतीमा म्याद थप गर्न सकिने छ।

६ घरभाडा मासिक रुपमा भुक्तानी गरिने छ। यसरी भुक्तानी गर्दा घर बहाल कर कट्टी गरि भुक्तानी गरिनेछ।

७. घरधनीहरुबाट प्राप्त प्रस्तावहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १:०० बजे घरधनी वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। घरधनी वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन। १६ औं दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समयमा प्रस्ताव खोलिने छ।

८. म्याद नाघी वा रितपूर्वक नआएका दरखास्त उपर कुनै कारवाही गरिने छैन। घरभाडामा लिने वा नलिने सम्पूर्ण अधिकार यस कायर्मलयमा रहनेछ।

९. अन्य कुरा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ बमोजिम हुनेछ।

थप जानकरीको लागि यस कार्यालयको फोन नं.४४३११५५, मो.नं. ९८४९८८८५४३ र ९८४९०५२७०७ मा सम्पर्क गर्न सकिने छ।

०७७।४।१६